# मर्चवारी गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७८

**मर्चवारी गाउँपालिका**

लुम्बिनी प्रदेश

रायपुर, रुपन्देही

**प्रस्तावना:**
मर्चवारी गाउँपालिका वासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक र अधिकार सुनिश्चित गर्न र "नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ) मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ज) मा प्रत्यायोजन गरिएको अधिकार प्रयोग गरी मर्चवारी गाउँपालिका क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी संघीय लोकतान्त्रिक मर्चवारी गाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य क्षेत्रमा सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विस्तार तथा विकास गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार मर्चवारी गाउँपालिका गाउँ सभावाट गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७८ पारित गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस ऐनको नाम "मर्चवारी गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७८" रहेको छ ।

(ख) यो ऐन मर्चवारी गाउँपालिका सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको दिन देखी लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष/प्रमुख" भन्नाले मर्चवारी गाउँपालिकाको अध्यक्ष/प्रमुख लाई सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष/उप-प्रमुख" भन्नाले मर्चवारी गाउँपालिकाको उपाध्यक्ष/उप-प्रमुख लाई सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले मर्चवारी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७८ लाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले मर्चवारी गाउँपालिकाको मर्चवारी गाउँपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "मर्चवारी गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिका सम्झनु पर्छ ।

(च)"मर्चवारी गाउँपालिकासभा" भन्नाले मर्चवारी गाउँपालिकाको गाउँसभालाई बुझ्नुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले मर्चवारी गाउँपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाइ सम्झनुपर्छ ।

(ञ) " स्वास्थ्य शाखा" भन्नाले मर्चवारी गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरवाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई आयुर्वेद तथा बैकल्पीक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा केन्द्रहरु लगायत अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

केशव नन्द बढिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(ठ) "गैह सरकारी स्वास्थ्य संस्था" भन्नाले निजी क्षेत्र, ट्रष्ट वा लोककल्याणकारी, गुठी लगायतका संस्थाहरुबाट सेवाको साथसाथै नाफामूलक वा गैह नाफामुलक उदेश्यले गाउँपालिका भित्र संचालति सबै प्रकारका स्वस्थ्य संस्थाहरु संघ-संस्थाहरु (जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनु पर्दछ ।

(ड) "स्वास्थ्य सेवा व्यबसाय" भन्नाले स्वास्थ्य उपचारको लागी चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार पसार भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसायलाई वुझ्नुपर्छ ।

(ढ) "स्वास्थ्य सेवा व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ५ अनुसार मर्चवारी गाउँपालिकामा गठित स्वास्थ्य सेवा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ण) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद २
## आधारभूत स्वास्थ्य सेवा प्रदायकसम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** (१) स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारीः सरकारी स्वामित्वमा मर्चवारी गाउँपालिका भित्र संचालन भएका प्रतिष्ठान, प्राथमिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित मेडिकल कलेज, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वस्थ्य सेवा प्रदायकहरु हुनेछन् ।

**४. सेवा प्रवाहमा साझेदारी गर्न सक्ने :** गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग स्वास्थ्य सम्बन्धि विभिन्न क्रियाकलापहरु गर्नका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरु लगायत सेवा सम्बन्धि अन्य सहायताहरु प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद ३
## समिती सम्बन्धी व्यवस्था

**५.मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिः** (१) गाउँ पालिको स्वास्थ्य क्षेत्रको नीति, रणनीतिहरु निमार्ण तथा कार्यन्वयन गर्न र गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, नीजि, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय, अनुगमन, नियमन र व्यवस्थापन गर्न देहाय बमोजिमको मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन गरिने छ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोहपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(क) मर्चवारी गाउँपालिका प्रमुख/अध्यक्ष - अध्यक्ष

(ख) मर्चवारी गाउँपालिका उप-प्रमुख/उपाध्यक्ष - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) कार्यपालिका सदस्यहरुमध्येबाट मर्चवारी गाउँपालिका प्रमुख/अध्यक्षले तोकेको १ जना महिला सहित २ जना सदस्य

(ज) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी मर्चवारी गाउँपालिका प्रमुख/अध्यक्षले तोकेको १ जना- सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्था तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ञ) मर्चवारी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

६. **मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति को काम, कर्तव्य र अधिकार :** (१) मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) मर्चवारी गाउँपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवा तथा सरसफाईको तथ्याङ्कहरु विश्लेषण गरि मर्चवारी गाउँपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य तथा सरसफाई सम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने ।

(ख) मर्चवारी गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(ग) मर्चवारी गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु संचालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी मर्चवारी गाउँपालिकाको कार्यपालिकालाई आवश्यक सिफारिस /राय प्रदान गर्ने ।

(घ) स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवस्थपनका लागी आवश्यक जनशक्ति लागयत अन्य श्रोत साधन जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने ।

(ङ) मर्चवारी गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यबसायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

(च) मर्चवारी गाउँपालिकावाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु सम्बन्धमा कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(छ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र व्यवस्थापन समितिहरुलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनका लागि आवश्यक व्यवस्था मिलाउने ।

(ञ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकूल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(ठ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने गराउने ।

(ड) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारणका लागि कार्यपालिका समक्ष सिफारीस गर्ने ।

(ढ) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने, गराउने

(त) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(थ) मर्चवारी गाउँपालिका कार्यपालिकालाई स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने ।

(द) मर्चवारी गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(ध) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधि जन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यबस्थापन गर्ने गराउने ।

(फ) मर्चवारी गाउँपालिकामा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानिय /निजि तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक परामर्श गर्ने ।

(२) मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको बैठक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. मर्चवारी गाउँपालिका स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप समिति:** (१) मर्चवारी गाउँपालिका क्षेत्र भित्ररहेका सरकारी तथा गैह्सरकारी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भईरहेको स्वास्थ्य सेवाका अनुगमन तथा गुणस्तर सुनिश्चितताका लागि मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको मातहतमा रहने गरी देहाय बमोजिमको स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समिती रहने छ ।

(क) मर्चवारी गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) सामाजिक बिकास समिति संयोजक - सदस्य

(ग) मर्चवारी गाउँपालिका सभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको १ जना महिला सदस्य - सदस्य

(घ) मर्चवारी **गाउँपालिका** योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(ङ) मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले तोकेको एक जना मेडिकल अधिकृत वा नर्सिङ प्रतिनिधि - सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्च को प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(छ) मर्चवारी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) मर्चवारी गाउँपालिका स्वास्थ्य अनुगमन उप-समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने हुनेछ ।

(क) स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाण को वारेमा छलफल तथा विश्लेषण गरि अनुगमन योजना बनाई अभिलेखिकरण गर्ने ।

(ख) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ग) अनुगमनको कममा देखिएका विषयवस्तुहरुमा आवश्यक सुझाव, अनुशिक्षण तथा लिखित पृष्ठपोषण प्रदान गरी सुधारका लागि कार्ययोजना तयार पार्न सहयोग गर्ने ।

केशव नन्द थनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश नेपाल
२०७४

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(घ) अनुगमन पश्चात प्रतिवेदन तयार पारी मर्चवारी गाउँपालिका स्वास्थ्य समितीलाई प्रतिवेदन पेश गर्ने ।

(ङ) समितिको बैठकमा उपस्थिति र निर्णयहरु लेख्दा एकरुपताको लागि बैठक अध्यक्षता गर्ने व्यक्ति, मिति, स्थान, उपस्थित व्यक्तिहरुको नाम र दस्तखत, छलफलका विषयहरु, बैठकका निर्णयहरु क्रमबद्ध स्पष्ट ढंगले राख्ने ।

(च) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(छ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने गराउने ।

(ज) स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समितीको बैठक उप समितिले नै निर्धारण गरे बमोजिम हुनेछ ।

**९. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यबस्थाः** (१) मर्चवारी गाउँपालिकापालिले तोकिएको मापदण्डमा १५ शैया क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ। यस्तो अस्पताल सञ्चालन गर्न मर्चवारी गाउँपालिकाले आवश्यक कानूनि व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) मर्चवारी गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) मर्चवारी गाउँपालिका भित्र बसोवास गर्ने र मर्चवारी गाउँपालिकाले निर्धारण गरे बमोजिमको योग्यता पुगेको व्यक्ती मध्येबाट कार्यपालिकाबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति-सदस्य

(च) मर्चवारी गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख- सदस्य

(छ) मर्चवारी गाउँपालिका कार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना - सदस्य

(ज) मर्चवारी गाउँपालिका तहको अस्पतालको नर्सिङ ईर्न्चाज एक जना- सदस्य

(झ) स्थानिय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि-सदस्य

(ञ) मर्चवारी गाउँपालिका तहको अस्पतालको मे.सु.- सदस्य सचिव

(३) स्थानिय आवश्यकताको अधारमा मर्चवारी गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्ती गरी वा नयाँ थप गरि प्राथमिक स्वास्थ्य केन्द स्थापना गरी सञ्चालन गर्न सक्नेछ। यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य केन्द्र, मर्चवारी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य ईकाईहरुको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) मर्चवारी गाउँपालिका अध्यक्ष - संरक्षक

केशव जन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७४

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(ख) मर्चवारी गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला - सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना - सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(४) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, गाउँपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

(५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

(६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क. दलित जनजातिबाट १ जना

ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

(७) मर्चवारी गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा संलग्न गराउन सकिने छ ।

(८) मर्चवारी गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्था सुनिश्चत गर्नका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्यहरु पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) उपदफा (२) र (३) बमोजिम गठन भएका व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (भ) मा भएको मर्चवारी गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रक्षपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यकमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि २) ।

(घ) स्वास्थ्यको बृहत् सामाजिक सांस्कृतिक र आर्थिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुंच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र स्वास्थ्य सेवा उपभोगको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्याङ्क, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि मर्चवारी गाउँपालिका अन्तर्गतका मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(११) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ ।

(१२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढीस्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुने छैन ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**१०. बैंक खाता सञ्चालन :** (१) मर्चवारी गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुले मर्चवारी गाउँपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खाता सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम रहेको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण मर्चवारी गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने:** (१) व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी मर्चवारी गाउँपालिका पालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिले मनासिब कारण र तथ्य सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद - ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेवक सम्बन्धी व्यवस्था

**१२. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको व्यबस्था :** (१) मर्चवारी गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न मर्चवारी गाउँपालिका अर्न्तगत कार्यरत हेल्थ इन्स्पेक्सन समुह जनस्वास्थ्य निरीक्षक मध्येबाट, नभएको खण्डमा सि.अ.हे.व.छैठौं तहको कार्य जेष्ठताको आधारमा कार्यपालिकाले तोकेको एकजना स्वास्थ्य शाखा प्रमुख रहनेछन् । सि.अ.हे.व.छैठौं तहको हकमा सम्वन्धित बिषयमा उच्च शैक्षिक योग्यता, कार्य जेष्ठता र कार्यसम्पादनको आधारमा छनौट गरिनेछ ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार मर्चवारी गाउँपालिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३.कर्मचारी व्यवस्थापन :** (१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरुं स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यरत कर्मचारीहरु संघ तथा प्रदेश सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन बनेपछि सोहि बमोजिम हुनेगरी व्यवस्था गरिनेछ ।

(३) मर्चवारी गाउँपालिकामा आवश्यक स्थायी दरबन्दि पद पुर्तिका लागि प्रदेश लोकसेवा मार्फत गरिनेछ ।

(४) स्थानिय स्रोतवाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(५) मर्चवारी गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(क) स्थायी: गाउँपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका , प्रदेश लोकसेवा मार्फत सिफारीस भई आएका स्वास्थ्यकर्मीहरु,

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(ख) करार: स्थानीय माग र विशिष्टताका आधारमा मर्चवारी गाउँपालिका, संघ तथा प्रदेश मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं मर्चवारी गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्य कर्मीको रुपमा मर्चवारी गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि पालिकाको नियमसंगत भर्ना गर्न सक्ने छ ।

(घ) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु

**१४. स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविकाको व्यवस्था:**

(१) स्वास्थ्य सेवालाई हरेक घर दैलो मा पुर्याउन र जनचेतना फैलाउन मर्चवारी गाउँपालिका ले स्वास्थ्य आमा समूहको छनौटकोमा मर्चवारी गाउँपालिकाको प्रतिनिधिको रोहवरमा स्वास्थ्य स्वयं सेविका छनौट गर्न सक्नेछ ।

(२) मर्चवारी गाउँपालिकाले विशिष्टिकृत अवस्थामा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सक्नेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि कम्तिमा एस.एल.सी. वा सो सरह उतिर्ण गरेको, २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित महिला हुनुपर्नेछ ।

(४) प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयं सेविका रहने गरि स्वास्थ्य आमा समुहले व्यवस्थापन समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिले नियुक्त गरेका प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ आधारभूत स्वास्थ्य सम्वन्धी तालिम प्रदान गरे पश्चात परिचालन गर्नुपर्नेछ ।

(६) ६० वर्ष उमेर पुगेका कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कार्यपालिकाले निर्धारण गरे बमोजिमको सम्मान भत्ताको व्यवस्था गरी अनिवार्य बिदाइ गरिनेछ ।

(७) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, कुनै राजनितिक दलको सदस्यता प्राप्त गरेको व्यक्तिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(८) स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. स्वास्थ्यकर्मीको सेवा सुविधा:** (१) स्थायी स्वास्थ्यकर्मीहरुको सेवा सुविधा संघ तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ । आवश्यकता र क्षमताका आधारमा कार्यपालिकाले अन्य सेवा सुविधा थप गर्न सक्नेछ ।

(२) करार स्वास्थ्यकर्मीको सेवा सुविधा सम्बन्धीत दरवन्दिको प्रचलित तलब स्केल वा दुई पक्षबीचको आपसी समझदारीमा भएको करार सम्झौता बमोजिम हुनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीको हकमा निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

केशव नन्द बलिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(४) महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई वार्षिक रुपमा पोशाक भत्ता, सञ्चार तथा यातायात खर्च, काममा खटाइएमा सो दिनको पारिश्रमिक लगायतका सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(२) स्वास्थ्यकर्मीको विदा र सेवा सुविधा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवा:** (१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकताको आधारमा मर्चवारी गाउँपालिकाले थप गर्न सक्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कमर्चारीको आवश्यकता परेमा मर्चवारी गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ । सो कार्य स्वास्थ्य सेवाका लागि कर्मचारी सेवा करार कार्यविधि २०७८ को आधारमा गर्न सक्नेछ ।

(३) स्वास्थ्य संस्थामा रिक्त दरवन्दि पदपुर्तिका लागि स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ, पालिका अन्तर्गत रहेका स्वास्थ्य कर्मचारीहरुलाई एक संस्था बाट अर्को संस्थामा काजमा आवश्यकताको आधारमा खटाउन सक्नेछ । यसरी काजमा खटाउँदा नियमानुसार कामकाज गर्नुपर्ने छ अन्यथा कानुन बमोजिम कारवाही हुनेछ ।

(४) मर्चवारी गाउँपालिका भित्र सरुवाका लागी निवेदन दिने स्थायी स्वास्थ्यकर्मी तथा कर्मचारीको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउदा सेवाग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा आवश्यक प्रक्रिया पुरा गरी प्रमुख/अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सरुवा गर्दा दरवन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरवन्दी भएको ठाउँमा मात्र गर्न पाईने छ ।

(६) संघ तथा प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी तथा कर्मचारी लाई प्रमुख प्रशासकीय अधिकृतले दरवन्दी अनुकुल हुनेगरी स्थायी नियुक्ति प्रदान गर्नु पर्नेछ ।

(७) स्वास्थ्यकर्मीको सरुवा, बढुवा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

**१७. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ:

(क) मर्चवारी गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(ख) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(ग) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन उप-समितिले तयार पारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(घ) स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारीहरुलाई सोहि क्षेत्र बाहेकका अन्य काममा लगाउन पाईने छैन ।

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र मर्चवारी गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक नगर/गाउँपालिकाले मर्चवारी गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

**१८. पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा मर्चवारी गाउँपालिका अर्न्तगत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी लाई पदबाट हटाउन मर्चवारी गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिमको पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको कार्यालमा अनुपस्थित भएमा,

(ग) कार्यालयमा धुम्रपान तथा मध्यपान सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनीतिक दलको सदस्यता हाँसिल गरि सक्रिय राजनितिमा संलग्न रहेको पाइएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनकालागी सक्रिय राजनिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका रहेका संघ संगठन वा कार्यकारिणी समिति संलग्न रहेको सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि सम्बन्धित व्यक्तिको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**१९. अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः** (१) दफा (१८) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन. बहाली भएका स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब ,भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

**२०. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुनेः** नियमानुसार बिदा स्वीकृत गराई बसेका अवस्था र दफा (१९) को उपदफा (२) बमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थामामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना हुनेछैन ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**२१. स्थायी आवासीय अनुमति लिन नहुने:** मर्चवारी गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवाबाट बर्खास्त/ खारेज गरी थप दण्ड तथा सजाय प्रचलित कानुन बमोजिम हुनेछ ।

**२२. कार्य सम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको व्यवस्था:**
मर्चवारी गाउँपालिका अन्तर्गत रहेका स्वाथ्य संस्था तथा कार्यरत कर्मचारीहरुको जिम्मेवारी अन्तर्गतको कार्य सम्पादनको वार्षिक रूपमा मूल्याङ्कन गरिनेछ र उत्कृष्ट देखिएका पालिका भरिका ३ जना कर्मचारीहरुलाई र एक उत्कृष्ट स्वास्थ्य संस्थालाई सम्मान तथा पुरस्कृत गरिनेछ साथै कार्यालय सहयोगी, नर्सिङ, परामेडिक्स समुहबाट र स्वास्थ्य शाखा बाट एक एक जना उत्कृष्टलाई सम्मान तथा पुरस्कृत गरिनेछ जसका लागि “कार्य सम्पादन मूल्याङ्कन समिति” गठन गरी तोकिएको मूल्यांकन फारामको आधारमा कार्य सम्पादन गरिनेछ ।

## परिच्छेद ५

## स्वास्थ्य संस्था स्थापना तथा संचालन सम्वन्धी व्यवस्था

**२३. स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्ने:** (१) कुनै व्यक्ति, समुह वा संघ संस्थाले निजी, सामुदायिक वा लोक कल्याणकारी स्वास्थ्य संस्था स्थापना तथा सचालन गर्न चाहेमा तोकिएको विवरण खुलाई मर्चवारी गाउँपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर मर्चवारी गाउँपालिकाले अनुगमन उप-समिति मार्फत आवश्यक स्थलगत अनुगमन तथा जाँचवुझ गरी राय सहितको प्रतिवेदन मर्चवारी गाउँपालिका पालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ । सोहि प्रतिवेदनका आधारमा मर्चवारी गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन का लागि अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई स्थापना गरिएको स्वास्थ्य संस्थाले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा सेवा संचालनका लागि मर्चवारी गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ ।

(४) नगर/गाउँपालिकाको स्वमित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(५) सामुदायिक वा सर्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सञ्चालन गर्दा देहाय बमोजिम हुनु पर्नेछ :

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित संस्थाको रूपमा दर्ता भएको हुनु पर्ने

(ख) गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए ट्रष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । त्यस्तो उत्तराधिकारी तोक्दा नगर/गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्ने,

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्नसक्नेछ ।

(७) उपदफा (६) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) प्रचलित कानून बमोजिम अनुमती/स्विकृती प्राप्त गरी मर्चवारी गाउँपालिका भित्र संञ्चालनमा रहेका क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय यसै ऐन अनुसार स्थापन भएको मानिने छ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले ३ (तीन) महिना भित्र दर्ता नियमित गर्न/गराउन तोकिएको ढाँचामा सम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय दर्ता तथा सञ्चालन प्रचलित कानून र कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) उपदफा (२) र (३) बमोजिम खोलिएका कुनै पनि नीजि, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय वाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा मर्चवारी गाउँपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिशमा रद्ध गर्न सक्नेछ । त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेशगर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे सम्बन्धित निकायमा उजुरी दिन सकिने छ ।

## परिच्छेद ६

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन मापदण्ड सम्वन्धी व्यवस्था

**२२. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः** (१) मर्चवारी गाउँपालिकाले तोकिएको मापदण्ड पुरा गरि १५(पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।

(२) मर्चवारी गाउँपालिकाले प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहनेगरी र जनसंख्याको अनुपातमा थप गर्न आवश्यक रहेमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्ति: नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार मर्चवारी गाउँपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भवन कोठा: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण: आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने आवश्यक उपकरणहरु ।

केशव नन्द थलिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र : मर्चवारी गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा मर्चवारी गाउँपालिका आफैंले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्ति नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । मर्चवारी गाउँपालिकाले थप जनशक्ति ताक्ने सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः आधारभूत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आवश्यक उपकरणहरु ।

**२४. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेः** (१) मर्चवारी गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५(पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति नगर/ गाउँपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचा र प्रकृया अनुसार निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन उप-समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न स्वास्थ्य सेवा व्यवस्थापन समिति मार्फत कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा कार्यपालिकाले दुई वर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) स्वास्थ्य अनुगमन उप-समितिले गाउँ/ नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

(८) स्वास्थ्य संस्था स्थापना र सञ्चालनका लागि आवश्यक पुर्वाधार, जनशक्ति, औजार तथा उपकरण र अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. मापदण्ड पूरा नगरेमा सजाय हुनेः** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुठो विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन उप- समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि मर्चवारी गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदान गर्दा सम्बन्धीत स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको स्वास्थ्यकर्मीले मात्र सेवा प्रदान गर्नुपर्नेछ । अन्यथा प्रचलित कानून बमोजिम दण्ड जरिवाना देखि अनुमति खारेज गर्न सकिनेछ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**२६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने:** (१) सामुदायिक, निजी तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुल सेवाग्रहिको कम्तीमा १० प्रतिशत गरिव, विपन्न, असहाय, अपांग, सिमान्तकृत तगाएतका सेवाग्रहीहरुलाई निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण मर्चवारी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ७

## कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

**२७. स्वास्थ्य सेवा विकास कोष:** (१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा मर्मत सम्भार तथा गुणस्तर अभिवृद्धि गर्न मर्चवारी गाउँपालिकामा स्वास्थ्य सेवा विकास कोष स्थापना गर्न सकिनेछ । कोषको सञ्चालन कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२८. आकस्मिक स्वास्थ्य सेवा कोष:** (१) मर्चवारी गाउँपालिका पालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमासंचालन तथा सेवा प्रणालीको व्यवस्थापन हुने गरी आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्न हुनेछ ।

**२९. शुल्क सम्वन्धी व्यवस्था:** (१) आधारभुत स्वास्थ्य सेवा गाउँ/ नगरपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थावाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) मर्चवारी गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी मर्चवारी गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी तोकिएको वाहेकका सेवा दिन मर्चवारी गाउँपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामध्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागी स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्क स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(४) सामुदायिक, निजी तथा लोक कल्यकाणकारी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क सेवा र गुणस्तरको आधारमा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(५) यस ऐन विपरित शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी दुइलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

**३०. स्वास्थ्य संस्थाको सम्पत्ति:** (१) मर्चवारी गाउँपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति मर्चवारी गाउँपालिकाको सम्पत्ति हुनेछ । मर्चवारी गाउँपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम मर्चवारी गाउँपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

केशव नन्द ...
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि मर्चवारी गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न मर्चवारी गाउँपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र मर्चवारी गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति मर्चवारी गाउँपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

**३१. छुट र सुविधाः** (१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य संस्थाको नाममा कुनै लिखत पारित गर्दा कार्यपालिकाले निर्धारण गरे बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद ८

**औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था**

**३२. बार्षिक खरिद योजना बनाउनु पर्नेः** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाइले तयार गर्नेछ ।

**३३. औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदः** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि मर्चवारी गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्यमा प्रचलित कानूनको प्रावधान अनुसार गर्नु पर्नेछ ।

(३) नगर / गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र मूल्य खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

**३४. औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) सम्वन्धित स्वास्थ्य संस्थाले नगर / गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित मर्चवारी गाउँपालिका स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

केशव नन्द थनियाँ
गाउँपालिका अध्यक्ष

परिच्छेद ९

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## स्वास्थ्य सेवाको गुणस्तर सम्वन्धी व्यवस्था

**३५.स्वास्थ्य सेवाको गुणस्तर तोक्न सक्ने:** (१) मर्चवारी गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर निर्धारण गर्दा मर्चवारी गाउँपालिका गुणस्तर सुनिश्चितता उप-समितिले न्युनतम सेवा मापदण्ढ र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(३) मर्चवारी गाउँपालिका अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समितिले नियमित रुपमा मर्चवारी गाउँपालिका पालिका क्षेत्राधिकार भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको गुणस्तर लेखाजोखा गर्नुपर्नेछ ।

**३६. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन:** (१) मर्चवारी गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद १०

## आपतकालिन स्वास्थ्य सेवा प्रवाह तथा संक्रामक रोग व्यवस्थापन सम्बन्धि व्यवस्था

**३७. आपतकालिक स्वास्थ्य सेवा तथा व्यवस्थापन:** (१) मर्चवारी गाउँपालिका पालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गर्नेछ ।

(२) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुह परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकीय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) गाउँ तथा नगरपालिका स्तरमा विपद व्यवस्थापन केन्द्र स्थापनका तथा संचालन गर्न सकिनेछ यसरी विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकको स्थानीय तहसंग संयुक्त रुपमा संचालन गर्नु पर्नेछ ।

**३८. संक्रामक रोग रोकथाम तथा व्यवस्थापन:** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य महिला स्वास्थ्य स्वयम सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको बिवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र मर्चवारी गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगर/गाउँपालिकाले सो को प्रभावक्षेत्र निक्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रयपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(५) महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

## परिच्छेद ११

## जनस्वास्थ्य संरक्षण, प्रवर्धन तथा वातावरणिय स्वास्थ्य सम्बन्धी व्यवस्था

**३९.जनस्वास्थ्य प्रवर्धनः** (१) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानि लगायतका उपभोग्य वस्तुको उत्पादन,भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन मर्चवारी गाउँपालिका पालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(२) जनस्वास्थ्य मैत्री आवस तथा पुर्वाधार निमार्ण, जनस्वास्थ्य लाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वास लाई नियमन गर्न मर्चवारी गाउँपालिका पालिकाले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य प्रवर्धनका लागि मर्चवारी गाउँपालिका पालिका क्षेत्रमा रहेका रणनितिक स्थानहरुमा सावजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्ने छ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन मर्चवारी गाउँपालिका पालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**४०. वातावरणिय स्वास्थ्यः** (१) ध्वानी, बायु, जल तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनिकरण गर्न गाउँ /नगर पालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) मर्चवारी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराई लागु गर्नु पर्नेछ ।

(३) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(४) शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फोहरमैला पून: प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा मर्चवारी गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(५) स्वास्थ्यजन्य फोहोरमैला संकलन, प्रशोधन, विसर्जन र नियमनको लागि प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ । आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धीत संस्थाकै दायित्व हुनेछ ।

**४१.सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री बितरणको लागि मर्चवारी गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री बितरण गर्न बन्देज गरिनेछ ।

केशव नन्द थनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(३) सुर्ती , मदिरा र लागु पदार्थजन्य वस्तुको बिक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री बितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा मर्चवारी गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

## परिच्छेद १२

## जरिवाना सम्बन्धि व्यवस्था

**४२. जरिवाना गरिने:** (१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यवसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले पेश गरेको राय सुझाव तथा प्रतिवेदनको आधारमा न्यायीक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कुनैपनि स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले यस ऐन विपरित कुनै कार्य गरेमा, मर्चवारी गाउँपालिकाले तोकेको मापदण्ड पुरा नगरेमा, मर्चवारी गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा कसुरको गाम्भिर्यतालाई विचार गरि न्यायीक समितिले पाँच लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ:

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा बदनियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

(४) जरिवाना सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२), (३), (४) बमोजिम जरिवाना गर्नु अघि कार्यपालिकाले तोकिए बमोजिम काम, कर्तव्य र अधिकार भएको छानविन समिति गठन गरि छानविन गर्नेछ ।

(६) मर्चवारी गाउँपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४३. प्रचलित कानुन बमोजिम सजाय हुने:** (१) यस ऐन बमोजिम सजाय हुने कुनै कसुरमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुन सक्ने अवस्था रहेछभने सोहि कानुन बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद १३

## विविध

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

**४४. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः** (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड कार्यपालिकाले निर्धारण गरे  बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्बन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**४५. निजी मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः** (१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र मर्चवारी गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि मर्चवारी गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**४६. अभिलेखिकरण तथा प्रतिवेदनः** (१) मर्चवारी गाउँपालिका क्षेत्रभित्रका संचालनमा रहेका सम्पुर्ण स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्रहिको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(२) मर्चवारी गाउँपालिका तथा सम्बन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्बन्धित संस्थाको जिम्बेवारी हुनेछ ।

**४७. नियम बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयनको लागि मर्चवारी गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**४८. संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ ।

**४९. बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

**५०. खारेजी र बचाउ :**

(१) यो ऐन  बन्नुभन्दा पहिले, प्रचलित कानुन अनुसार भएगरेका कामहरु यसै ऐन अनुसार भएको मानिनेछ, रजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७२

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(३) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयमसेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

**निर्णय :**
यो मर्चवारी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७८ मिति २०७८ साल माघ २५ गतेका दिन मर्चवारी गाउँ सभाबाट पारित भयो । आजैका मिति देखि लागु गर्ने भनि दस्तखत गरि दियौं ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत